## ग्राहक सहयोग

- कृपया कार्ड वा पिन हराएको खण्ड मा तथा कार्ड ब्लक गर्न परेमा हाम्रो टोल- फ्री नम्बर १६६००१३८८८८ (NTC) र हेल्पलाईन नं. +९७७-१-५९७०१०४ वा ईमेल **info@swadeshisamridhinepal.com** मा सम्पर्क गर्नुहोस् ।
- सबै महत्वपूर्ण जानकारी अनलाइन वा पतंजलि एक्सक्लुसिभ स्टोर मार्फत प्राप्त गर्न सकिनेछ ।
- कार्ड हराएमा वा क्षति ग्रस्त भएमा अथवा बदलनु परेमा सदस्यले टोल फ्री नम्बर १६६००१३८८८८ (NTC) र हेल्पलाईन नं. +९७७-१-५९७०१०४ मा पतंजलिलाई सूचित गर्नुपर्ने छ वा **info@swadeshisamridhinepal.com** मा ई-मेल गर्नुपर्ने छ । पतंजलिसंग हराएको/क्षतिको अनुरोध नआए को कारण कार्डको दुरूपयोगले भएको नुक्सानीको लागि पतंजलि उत्तरदायी हुनेछैन । पुरानो कार्ड ब्लक गरी, रू १००/- (कर सहित) तिरेपछि प्रमाणीकरण पश्चात नया कार्ड प्राप्त गर्न सकिनेछ । त्यसपछि पुरानों कार्डको खाता विवरण र ब्यालेन्स नया कार्डमा स्थानांतरण गरिनेछ ।
- प्रत्येक कारोबार सम्बन्धी विवरणको जानकारी सदस्यले दर्ता गरेको मोवाइल नम्बरमा प्राप्त गराईने छ, जसमा खरिद तथा कार्डमा उपलब्ध ब्यालेन्स आउनेछ ।

## नियम तथा शर्तहरू

- निष्ठा रकम (क्यास ब्याक) विशुद्ध रूपमा एक सहयोग रकम हो । यो कार्डको टप-अप रकममा वा सामानहरूको खरिदमा दिइनेछ र टप-अप रकममा समायोजन गरिनेछ ।
- निष्ठा रकम (क्यास ब्याक) पतंजलि सामानको खरिद गरेको २४ घण्टा भित्र तपाईको कार्डमा दिईनेछ ।
- लेनदेनको समयमा एउटा पर्चा प्राप्त हुनेछ । त्यसै अनुसार उसै समयमा लेन देन विवरणहरूको जाँच गर्नु पर्ने छ । किनमेल को बेला कुनै पनि विवादको निरूपण वा आवश्यक कारवाहीको लागि पर्चा अनिवार्य पेश गर्नु पर्ने छ ।
- स्वदेशी समृद्धि कार्डद्वारा कीनेका कुनै पनि सामान फिर्ता हुने छैनन, विशेष परिस्थितिमा स्टोरमा सामान को उपलब्धता अनुसार सामान साटन सकिने छ ।
- लगातार ६ महिनासम्म लेन देन नगर्ने सदस्यहरूलाई सक्रिय सदस्यको सूचीबाट हटाईनेछ ।
- स्वदेशी समृद्धि कार्ड अहस्तान्तरणीय (सदस्य बाहेक अन्यले प्रयोग गर्न नपाइने), अपरक्राम्य (मोल- भाउ गर्न नपाइने) र नगदमा अप्रतिदेय हुनेछ ।
- नियम र शर्त वा योजनाको भावना विरूद्ध कार्य गर्ने सदस्यको सदस्यतालाई रद्द गर्ने अधिकार पतंजलि संग सुरक्षित रहनेछ । राष्ट्रिय, प्रादेशिक र स्थानीय कानून वा नियमहरू उल्लंघन गर्ने सदस्यको सदस्यतालाई रद्द गर्ने अधिकार पनि पतंजलिसँग सुरक्षित रहनेछ, फलस्वरूप सदस्यहरू सबै जम्मा निष्ठा रकम-क्यास ब्याक, सहयोग राशी (आर्थिक सहयोग) तथा अन्य विशेषाधिकारबाट बञ्चित हुन सक्नेछन् ।
- योजनाका सम्पूर्ण नियमहरूको व्याख्या गर्ने सम्पूर्ण अधिकार पतंजलिसंग रहनेछ ।
- स्वदेशी समृद्धि कार्ड योजनाको नियम र शर्तहरू बिना कुनै पूर्व सूचना परिवर्तन गर्ने अधिकार पतंजलिसँग सुरक्षित रहनेछ, अन्य जानकारीको लागि **www.swadeshisamridhinepal.com** मा लग अन गर्नुहोस ।



- सदस्यता लिएर मात्रै, कार्ड धारक स्वदेशी समृद्धि कार्डको सम्पूर्ण लाभ को लागि पात्र हुँदैनन । त्यसको लागि स्वदेशी समृद्धि कार्ड योजनाको सम्पूर्ण नियम र शर्तहरू को अनुपालन गर्नुपर्नेछ ।
- स्वदेशी समृद्धि कार्ड योजना अन्तर्गत लाग्ने कुनै पनि कर आदिको भुक्तानी सदस्य आफैंले गर्नुपर्नेछ ।

## डिस्क्लेमर

- स्वदेशी समृद्धि कार्ड लिएपछि, सदस्यले यस कार्डसंग सम्बद्ध सम्पूर्ण नियम तथा शर्तहरूलाई स्वीकार गरेको मानिनेछ ।
- कार्ड ग्राहकले पतंजलिलाई आफ्नो निजी डाटा पर्सनलाइज्ड अफरको लागि उपयोग गर्न अनुमति दिएको मानिने छ ।
- आवेदनपत्रमा हस्ताक्षर गरेपछि, कार्ड धारकले इमेल, एस.एम.एस., फोन र अन्य मिडियाको माध्यमबाट सदस्यसँग संवाद गर्नका लागि अनुमति दिएको मानिने छ ।
- सबै स्वदेशी समृद्धि कार्ड ग्राहकलाई आफ्नो पिन नम्बर सुरक्षित राख्न अनुरोध गरिन्छ । यसलाई अरू व्यक्ति तथा स्टोर कर्मचारी समेतलाई नभन्न अनुरोध गरिन्छ । यसो गर्दा कार्डको दुरूपयोग हुनबाट बच्न सकिन्छ ।



PATANJALI®


**पतंजलि आयुर्वेद प्रा. लि.**

प्रसौनी-०३, बीरगंज-कलैया सडक, बारा, प्रदेश-२, नेपाल

हेल्पलाईन नं. +९७७-१-५९७०१०४ : टोल फ्री नं. १६६००१३८८८८ (NTC)

ईमेल : info@swadeshisamridhinepal.com

वेबसाइट : www.swadeshisamridhinepal.com


आधिकारिक वितरक



Divya
SCIENTIFIC AYURVED

PATANJALI
प्रकृतिको आशीर्वाद

# स्वदेशी समृद्धि कार्ड
## सदस्यता विवरण

आजै पतंजलि स्वदेशी समृद्धि कार्ड बनाऔं
पतंजलिको स्वदेशी अभियानमा जोडेर देशलाई
आर्थिक तथा सांस्कृतिक स्वतन्त्रता प्रदान गरौं ।


**१००% शुद्धता, १००% प्रोफिटबाट च्यारिटी**
**५०% देखि १००% भन्दा पनि धेरै सस्तो उत्पादन**
(विदेशी कम्पनिहरूको अनुपातमा)

**उत्पादनहरुको खरीदमा ५% देखि ७% सम्मको विशेष छूट पाउनुहोस् निष्ठा राशी (क्यास ब्याक)**

कार्ड वाहक सदस्यको आकस्मिक दुर्घटनामा मृत्यु भएमा सहयोगार्थ राशी रू ५,००,०००/- (पाँच लाख)*

कार्ड वाहक सदस्यको आकस्मिक दुर्घटनामा परी विकलंगता र स्थायी अपांग भएमा सहयोगार्थ राशी रू २,५०,०००/- (दुई लाख पचास हजार)*

सदस्यता शुल्क रू १००/- मात्र






*'ब्राण्ड ट्रस्ट रिपोर्ट स्टडी' अनुसार पतंजलिलाई एफ.एम.सी.जी. वर्गमा सबैभन्दा* ***विश्वसनीय*** *एफ.एम.सी.जी. ब्राण्डको रुपमा मान्यता दिइएको छ ।*

# तपाईको बचत एवं सुरक्षा - देश सेवामा एक अभियान

## "पतंजलि स्वदेशी समृद्धि सदस्यता कार्ड" योजना

## परिचय

परम पूज्य स्वामी रामदेवजी महाराज एवम् परम श्रद्धेय आचार्य बालकृष्णजी महाराजको आध्यात्मिक आशीर्वाद ले पतंजलि आयुर्वेद प्रा.लि. ले, प्रिय उपभोक्ताहरूको निमित्त स्वदेशी अभियान अन्तर्गत स्वास्थ्य सुरक्षा र समृद्धिको लागी "स्वदेशी समृद्धि कार्ड" सदस्यता अभियान प्रारम्भ गरेको छ । स्वदेशी समृद्धि कार्ड किन्ने व्यक्तिहरू (सदस्य/कार्ड होल्डर) पतंजलि एक्सक्लुसिभ स्टोरहरुमा स्थानीय उत्पादक किन्दा विशेष लाभ का पात्र हुने छन । यस महत्वकांक्षी योजनाको कार्यान्वयन हेतु पतंजलि एक्सक्लूसिभ स्टोरहरू, जस्तै पतंजलि सेवा केन्द्र र आरोग्य केन्द्र, यस अभियानमा भागीदार हुनेछन् । विश्वास छ की यो योजना "डिजीटल पेमेन्ट (क्यासलेस)" योजनाको सबैभन्दा ठूलो अभियान बन्नेछ ।

## कार्डको लाभ

"स्वदेशी समृद्धि कार्ड" को सदस्यताले कार्ड को प्रयोग गरी पतंजलिका उत्पादहरुमा सदस्य हरु लाई यस योजना अंतर्गत क्रय मूल्यको ७% सम्म अतिरिक्त फाईदा प्राप्त गर्न सक्ने मौका दिन्छ । यसको उपयोग पतंजलि एक्सक्लूसिभ स्टोरहरुमा मात्र, सामान किन्दा लागू नियमहरू र शर्तहरू अनुसार हुनेछ जसको वेबसाइट **www.swadeshisamridhinepal.com** मा विस्तृत रूपमा दिएको छ ।

## कार्डको विवरण

| क्र.सं. | विवरण | पैसा (रूपैंया) | |
|---|---|---|---|
| १. | सदस्यता शुल्क (एक पटक मात्र, ननरिफनडेबल) | रू १००/- मात्र (कर सहित) | |
| २. | प्रथम टप-अप | रू ५००/- वा सो भन्दा बढि | |
| ३. | कार्डमा हुनुपर्ने न्यूनतम शेष रकम | रू १००/- | |
| ४. | तपाईंको क्रय राशिमा पतंजलिबाट पाइने निष्ठा राशि | **खरिद रकम** | **निष्ठा राशि** |
| | | रू ४०००/-सम्म | ५ प्रतिशत |
| | | रू ४००१/- वा बढि | ७ प्रतिशत |
| ५. | एक महिनामा हुने अधिकतम क्यास ब्याक | रू ३५५/- | |
| ६. | कुनै पनि समयमा अधिकतम बाँकी रकमको सिमा | रू ५०,०००/- | |
| ७. | प्रतिदिन क्रयको अधिकतम सिमा | रू ९,९९९/- | |

## कार्ड जारी गर्ने र दर्ता प्रक्रिया

- ✦ यो स्वैच्छिक योजना हो र नेपाल का कुनै पनि नागरिक "स्वदेशी समृद्धि कार्ड" को सदस्य बन्न सक्नेछन् ।
- ✦ कुनै पनि व्यक्तिले रू १००/- (कर सहित) को भुक्तानी र दर्ता फारम भरी यस योजनामा आफ्नो नाम दर्ता गर्न सक्नेछन् । दर्ता फारम पतंजलि एक्सक्लूसिभ स्टोरमा र वेबसाइट **www.swadeshisamridhinepal.com** मा उपलब्ध छ । व्यक्तिले पहिलो रिचार्ज न्युनतम रू ५००/- गर्नु पर्नेछ ।
- ✦ सदस्यता दर्ताको लागि अनिवार्य सूचनाहरू जस्तै नाम, पिता/पति/अभिभावकको नाम, जन्म मिति, स्थायी ठेगाना, मोबाइल नम्बर, इमेल, नोमिनीको नाम र सम्बन्ध इत्यादि आवश्यक पर्नेछ, जो सहयोग राशीको निम्ति पनि आवश्यक छ ।

**नोटः** नामांकन/रजिष्ट्रेशन गर्दा आफ्नो तथा नोमिनीको सहि-सहि जानकारी दिने जिम्मेवारी सदस्यको हुनेछ । गलत जानकारी दिएमा सदस्यता दिइने छैन तथा सदस्यता शुल्क पनि जफत हुने छ । सदस्य द्वारा विवरणहरू गलत दिएमा पतंजलि उक्त सूचना सहि-गलत सम्बन्धी भेरिफाई गर्नमा जिम्मेवार रहने छैन । विवरण गलत भएको अवस्थामा कार्डलाई रद्द गर्ने या सबै सुविधा सहित सहयोग राशी आदि बन्द गर्ने सम्पूर्ण अधिकार पतंजलिसँग रहनेछ ।

- ✦ सदस्यहरूले कुनै पनि विवरण परिवर्तन गर्नु परेमा तुरुन्तै जानकारी गराउन पर्नेछ । सदस्यले उक्त परिवर्तनका लागि पतंजलिलाई जानकारी नगराएको खण्डमा सेवा, सुविधा आदिमा ढिलाई/असफलताको लागि पतंजलि जिम्मेवार हुनेछैन ।
- ✦ दर्ताको समयमा ग्राहकले दिइएको मोबाइल नम्बरमा व्यक्तिगत परिचय नम्बर (पिन नम्बर) दिइनेछ । त्यसपछि तुरुन्तै **www.swadeshisamridhinepal.com** वेबसाइटमा गएर पिन नम्बर शंशोधन गर्न आग्रह गरिन्छ ।

## कार्डको प्रयोग

- ✦ यो योजना सदस्यहरू को लागी पतंजलि एक्सक्लुसिभ स्टोर (पतंजलि आरोग्य केन्द्र र पतंजलि सेवा केन्द्र) मा पतंजलि उत्पाद किन्नको लागि मात्रै लागू हुनेछ ।
- ✦ पतंजलि, स्वदेशी समृद्धि कार्डका सदस्यहरूलाई बिना पूर्व सूचना कुनै पनि समय पतंजलिले एक्सक्लुसिभ स्टोर राख्न वा हटाउन सक्ने । एक्सक्लुसिभ स्टोर को सूचि सम्बंधित अधिक जानकारी/अपडेटका लागि वेबसाइट **www.swadeshisamridhinepal.com** हेर्नुहोला ।
- ✦ प्रत्येक पतंजलि एक्सक्लुसिभ स्टोरमा पी. ओ. एस. मेसिन हुनेछ, जसले स्टोर मार्फत स्वदेशी समृद्धि कार्डलाई स्विकार गर्नेछ । कार्डमा उपलब्ध रकम अनुसार सदस्यहरुले केन्द्रबाट उत्पादन किन्न गर्न सक्नेछन् ।
- ✦ कार्डमा उपलब्ध रकमको उपयोग पतंजलि उत्पादहरू को आधिकारिक स्टोरबाट किन्न को लागि मात्र प्रयोग गर्न सकिने छ । कुनै पनि अवस्थामा स्वदेशी निष्ठा रकम नगद राशि मा फिर्ता पाइने छैन ।
- ✦ कम्पनीको हितमा कुन उत्पादनमा छुट दिने र कुनमा नदिने भन्ने अधिकार कम्पनीमा निहित रहनेछ । अधिक जानकारीको लागि हाम्रो वेबसाईट **www.swadeshisamridhinepal.com** मा निरंतर लग इन गरी हेर्नु होस् ।

## टप-अप र व्यवस्थापन

- ✦ यो कार्ड पतंजलि एक्सक्लुसिभ स्टोर र पेमेन्ट गेटवेको माध्यमबाट टप-अप/रिचार्ज गर्न सकिने छ । यसको लिंक हाम्रो वेबसाईट **www.swadeshisamridhinepal.com** मा उपलब्ध छ । पतंजलि केन्द्रमा कुनै पनि अतिरिक्त शुल्क तिर्नुपर्ने छैन । अनलाईन टप-अप गर्नको लागि सदस्यले गेटवे चार्जेज आफैं भुक्तानी गर्नुपर्नेछ ।

## सदस्यहरूको सहयोगका लागि विशेष अभियान

- ✦ पतंजलिले कार्डबाहकलाई सहयोग (सहायता) दिनको लागि विशेष योजना सुरु गरेको छ । यदि कार्ड बाहकको आकस्मिक मृत्यु भएमा रू ५,००,०००/- (पाँच लाख) र दुर्घटनामा विकलंगता/स्थायी अपांगता भएमा रू २,५०,०००/- (दुई लाख पचास हजार) सम्मको आर्थिक सहयोगको रूपमा, सहयोग राशी प्रदान गरिनेछ । यसमा नियम र शर्तहरू लागू हुनेछन् ।
- ✦ यो आर्थिक सहायता पात्रता अनुसार सदस्य कार्ड बाहकले कार्डको माध्यमबाट दुर्घटनाको मिति भन्दा १८० दिन अगाडी सम्ममा न्युनतम रू. ६,०००/- (छ हजार) को क्रय भएमा रू ५ लाखसम्मको सहयोग अथवा रू ३,०००/- (तीन हजार) को क्रय भएमा रू ३ लाख सम्म सहयोग दिईनेछ, जो कार्डको माध्यमबाट क्रय आधारित हुनेछ ।
- ✦ यो योजना अन्तर्गत को कार्डबाहक सैनिक/अर्धसैनिक/प्रहरी हरु को मृत्यु/स्थाई रूपमा अपांगता यदि आतंकवादी घटना जस्ता गतिविधिमा भए, को भए, आर्थिक सहायता हेतु आकस्मिक दुर्घटनाको परिभाषामा सामेल गरिनेछ ।
- ✦ पतंजलिको वेबसईटमा त्रैमासिक/अर्धवार्षिक रूपमा आर्थिक सहायता विवरण को लागि विशेष मिति सार्वजनिक गर्नेछ ।
- ✦ यदि स्वदेशी समृद्धि कार्डको सदस्य बनेको पहिलो दिनमै वा पहिलो महिनामै रू ६०००/- अथवा रू ३,०००/- को क्रय पूरा भएमा सदस्य स्वदेशी निष्ठा सहयोग (अनुदान राशि) प्राप्त गर्ने अधिकारी बन्नेछन् । यसपछि पात्रताको निर्धारण प्रतिदिनको आधारमा गरिनेछ । पछिल्लो ६ महिना (१८० दिन) मा सामानहरूको कुल क्रय मूल्य न्युनतम रू ६,०००/- सम्म भएमा रू ५ लाखको सहयोग राशि वा रू ३०००/- तीन हजार सम्म भएमा रू ३ लाखको सहयोग राशि को लागी सदस्य पात्र हुनेछ ।
- ✦ सदस्य स्वयंले सुनिश्चित गर्नुपर्नेछ कि पछिल्लो १८० दिन भित्रमा आफ्नो कुल क्रय रू ६०००/- वा रू ३०००/- भन्दा कम नहोस्, अन्यथा यस विषयमा संस्था को कुनै प्रकारको जवाफदेहिता हुनेछैन ।
- ✦ उत्पाद को कुल क्रय मूल्य यदि रू ६०००/- भन्दा बढि छ भने पनि यो रकम १८० दिनको लागि मात्र मान्य हुनेछ । उदाहरण- यदि तपाईं प्रत्येक महिना रू २,०००/- को क्रय गर्नु हुन्छ भने क्रय रकम रू १२,०००/- हुन्छ, तैपनि यो रकम ६ महिना अर्थात १८० दिनको लागि मात्र मान्य हुनेछ ।
- ✦ स्वदेशी सहयोग (अनुदान) को निर्धारण पतंजलि आयुर्वेद प्रा.लि. ले गर्ने छ । सहयोग राशि दाबी गर्न सदस्यले पहिले पतंजलि आयुर्वेद प्रा.लि.को टोल फ्री नम्बर १६६००१३८८८८ (NTC), हेल्पलाईन नं. +९७७-१-५९७०१०४ र इमेलमा सूचित गर्नु पर्नेछ । उक्त आकस्मिक मृत्यु वा पूर्ण अपांगताको प्रमाण जांच पछि, अनुदान पाउन योग्य भएमा पतंजलिले सहयोग रकम प्रदान गर्नेछ । नियम तथा शर्तहरू लागू हुनेछन् ।
- ✦ यो योजना कुनै शुल्क लिएर प्रदान गरिने बिमा-व्यवसायिक करार होइन । यो पतंजलि संस्थानबाट राष्ट्रसेवाको भावना ले दिने जनसेवाका लागि संचालित विशुद्ध सहयोग राशि मात्र हो ।

## शुल्क

- ✦ यो कार्ड जारी गरिएको मितिबाट एक बर्ष सम्मको लागि मान्य हुनेछ जो प्रतिबर्ष शुल्क रू २५/- (कर सहित) तिरी नवीकरण गर्न सकिने छ ।